प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८०/०८१ को लागि डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरुमा पुर्ण शुल्कीय तर्फ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट थप शिक्षण संस्था र कार्यक्रममा भर्नाका लागि निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८०।०७।०२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोलिटेक्निक महाशाखाको च.नं ७५३, मिति २०८०।०६।३० गतेको र स्तर निर्धारण तथा सम्वन्धन महाशाखाको च.नं ७५८, मिति २०८०।०७।०२ गतेको पत्रानुसार शैक्षिक शत्र २०८०/०८१ का लागि डिप्लोमा/प्रमाणपत्र तहका बिभिन्न कार्यकमहरु संचालन गर्ने गरी थप सम्वन्धन/स्वीकृति पाएका तपसिल बमोजिमका शिक्षालय र कार्यक्रममा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८०।०३।२८, २९, ३० र २०८०।०६।२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भई पुर्ण शुल्कीय तर्फको सम्वन्धित कार्यक्रमको प्रवेश परीक्षामा सहभागी भएका सबै प्रदेशका परीक्षार्थीहरुलाई (देशैभरीबाट) पुर्ण शुल्कीय लक्षित वर्ग, प्रि-डिप्लोमा र पुरुष नर्सिङ्ग कोटाको परीक्षार्थीले सोही कोटामा र सो बाहेकका अन्य कोटामा उत्तीर्ण सूचीमा (Cut off/Pass list) रहेका परीक्षार्थीहरुले पुर्ण शुल्कीय खुला कोटामा निवेदन दर्ता गराउन सक्नेछन् । दर्ता भएका परीक्षार्थीहरु मध्येबाट प्रवेश परीक्षाको प्राप्तांकको योग्यताकमका आधारमा छनौट गरी विद्यार्थी भर्ना गर्नुपर्ने भएकाले इच्छुक परीक्षार्थीहरुले सूचनामा उल्लेखित **शिक्षालयमा वा सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा** प्रवेश पत्रको प्रतिलिपी, प.नि.का.को वेवसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भर्ना प्रकृया सम्वन्धी निर्देशन :**

१. डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८० बमोजिम सम्वन्धित शिक्षालयमा गठित बुंदा नं ३ मा उल्लेखित नतिजा प्रकाशन उप-समितिले पुर्ण शुल्कीय तर्फका कोटा अनुसार दर्ता भएका निवेदनहरु मध्येबाट मुख्य र उत्तीर्ण सूचीको छनौट गरी योग्यताक्रमानुसार भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्नेछ ।

**तपसिल :**

| **मधेश प्रदेश अन्तर्गतका निजी शिक्षण संस्थाहरु** | | | |
|---|---|---|---|
| **क्र.सं** | **शिक्षालयको नाम, ठेगाना** | **डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम** | **स्वीकृत कोटा** |
| १. | मिर्चैया हेल्थ नर्सिङ्ग क्याम्पस, मिर्चैया, सिराहा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० |
| **लुम्बिनी प्रदेश अन्तर्गतका साझेदार शिक्षण संस्थाहरु** | | | |
| **क्र.सं** | **शिक्षालयको नाम, ठेगाना** | **डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम** | **स्वीकृत कोटा** |
| १. | आम्दा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, बुटवल ७, रुपन्देही | प्रमाणपत्र तह नर्सिङ्ग | ४० |
| २. | सिद्धार्थ इन्स्टिच्यूट अफ मेडिकल टेक्नोलोजी, सिद्धार्थनगर-१२, भैरहवा, रुपन्देही | प्रमाणपत्र तह सामान्य चिकित्सा(आयुर्वेद) | ४० |
| **कर्णाली प्रदेश अन्तर्गतका साझेदार शिक्षण संस्थाहरु** | | | |
| **क्र.सं** | **शिक्षालयको नाम, ठेगाना** | **डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम** | **स्वीकृत कोटा** |
| १. | योगी नरहरी नाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, वीरेन्द्रनगर, सुर्खेत | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |

२. **कोटा निर्धारण सम्वन्धी विवरण :**

| **कोटा संख्या** | **छात्रवृत्ति कोटा** | | **पुर्ण शुल्कीय कोटाहरु** | | | |
|---|---|---|---|---|---|---|
| | बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | जेहेन्दार छात्रवृत्ति कोटा | पुर्ण शुल्कीय लक्षित बर्ग कोटा | प्रि-डिप्लोमा कोटा | पुरुष नर्सिङ्ग कोटा | पुर्ण शुल्कीय खुला कोटा |
| डिप्लोमा इन फार्मेसी | ३ | १ | ४ | ४ | - | २८ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा | ३ | १ | ४ | ४ | - | २८ |
| प्रमाणपत्र तह नर्सिङ्ग | ३ | १ | ४ | ४ | ६ | २२ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद) | ३ | १ | ४ | ४ | - | २८ |

**३. नतिजा प्रकाशन उप-समिति :**

पूर्ण शुल्कीय तर्फका डिप्लोमा/प्रमाणपत्र तहका सामान्य चिकित्सा, नर्सिङ्ग र फार्मेसी कार्यक्रमहरुको नतिजा प्रकाशन गर्न सम्वन्धित शिक्षालयमा देहाय बमोजिमको उप-समिति रहनेछ । उक्त समितिले निवेदन दिने अन्तिम मितिको ३ दिन भित्रमा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(क) सम्वन्धित शिक्षालयका प्राचार्य -संयोजक

(ख) सम्वन्धित पालिकाको शिक्षा हेर्ने महाशाखा/शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य

(ग) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले तोकेको अधिकृत कर्मचारी -सदस्य

(घ) सम्वन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी -सदस्य सचिव

**शर्तहरु :**

१. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको हकमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयले शैक्षिक शत्र २०८०/०८१ का लागि मिति २०८०।०५।०२ गते लिइएको सम्वन्धित प्रदेशको सम्वन्धित कार्यक्रममा वर्ग कोटाको उत्तीर्ण/प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुबाट योग्यताकमानुसार छनौट गरी मुख्य परीक्षार्थीको रुपमा सिफारिश गरी पठाउनेछ ।

२. सम्वन्धित शिक्षालयमा/प्रदेश कार्यालयमा परीक्षार्थीले निवेदन पेश गर्दा कुनै शुल्क लाग्ने छैन । परीक्षार्थीको फोटो सहितको प्रवेश पत्रको प्रतिलिपी, वेवसाइटमा प्रकाशित परीक्षार्थीको उत्तीर्ण सूचीमा रहेको नतिजा Printed कपी, एस.ई ई/एस.एल.सी वा प्राविधिक एस.एल.सी को शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र परीक्षार्थीको निवेदन सहित शिक्षालयको मूल दर्ता किताबमा दर्ता गर्नुपर्नेछ । तोकिएको समयमा निवेदन दर्ता नभएका परीक्षार्थीहरुको निवेदन उपर कुनै कारवाही हुने छैन ।

३. डिप्लोमा/प्रमाणपत्र तह सामान्य चिकित्सा र फार्मेसी कार्यक्रम हकमा मिति २०८०।०५।०९ गते संचालन गरिएको प्रवेश परीक्षामा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले मात्र निवेदन दर्ता गराउन सक्नेछन र भर्ना पश्चात सिट रिक्त रहेमा मात्र मिति २०८०।०७।०१ गतेको सूचना बमोजिमको शर्तमा शिक्षण संस्थाले गोरखापत्रमा सूचना प्रकाशन गरी सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमको पूनः प्रवेश परीक्षा संचालन गर्न सक्नेछ ।

४. डिप्लोमा/प्रमाणपत्र तह सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमको हकमा मिति २०८०।०७।१३ गते भित्रमा र प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको हकमा मिति २०८०।०७।१७ गते भित्रमा परीक्षार्थीहरुले निवेदन दर्ता गराउन सक्नेछन् ।

५. प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको हकमा मिति २०८०।०५।०९ गते संचालन भएको नर्सिङ्ग कार्यक्रमको उत्तीर्ण सूचीबाट मात्र निवेदन लिई रिक्त रहेको कोटा बमोजिम योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ ।

६. प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद) कार्यक्रमको हकमा मिति २०८०।०५।०९ गते संचालन गरिएको प्रवेश परीक्षामा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले मात्र निवेदन दर्ता गराउन सक्नेछन र भर्ना पश्चात सिट रिक्त रहेमा मात्र भर्ना सम्वन्धी निर्देशिका बमोजिम शिक्षण संस्थाले रिक्त रहेको संख्या उल्लेख गरी सूचना प्रकाशन गरी पूनः प्रवेश परीक्षा संचालन गर्न सक्नेछ ।

७. शिक्षण संस्थाहरुले परीक्षार्थीहरु छनौट, भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्दा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८० मा भएको व्यवस्था अनुसार गर्न/गराउनु हुन जानकारी गराइन्छ ।

**परीक्षा नियन्त्रक**